भगवतीमाई गाउंपालिका,ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण

२०७६ श्रावण




आर्थिक वर्ष २०७५/०७६ को

वार्षिक

# प्रगति प्रतिवेदन

भगवतीमाई गांउपालिका
गाउंकार्यपालिकाको कार्यालय
दैलेख
कर्णाली प्रदेश, नेपाल

ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना
प्राविधिक सहयोग इकाई
दैलेख

# विषय सूची


आर्थिक वर्ष २०७५/०७६ को प्रगती सारांश ........ 2

१. पृष्ठभूमी ........ 4

२. लक्ष बमोजिम उपलब्धी ........ 5

२.१. जलउपयोग गुरुयोजना ........ 5

२.२. भौतिक प्रगति ........ 5

२.४. जीविकोपार्जन कार्यक्रम ........ 7

३. अनुगमन तथा प्रतिवेदन ........ 9

४. प्रगती समीक्षा तथा योजना तर्जुमा ........ 10

५. नीति तर्जुमा ........ 11

६. सहकार्य ........ 11

७. आइपरेका समस्याहरु ........ 12

अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण ........ 13

अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण ........ 14

अनुसूची २.१ : परीयोजना द्धारा तेस्रो चरणमा सम्पन्न भएका योजनाहरु MUS/WSS तथा अन्ययोजनाहरुको अवस्था ........ 16

अनुसूची २.२ : गत वर्ष ०७४।०७५ सम्मको पेश्की/वेरुजु वांकीको अवस्था ........ 16

अनुसूची २.३ : आर्थीक बर्ष ०७५।०७६ मा थप भएको समेत कुल पेश्की/बेरुजु वांकीको अवस्था ........ 16

अनुसूची ३ : नाईके बने गोपाल बुढा ........ 17

अनुसूची ४ : भिजिबिलिटी ........ 18

अनुसूची ५ : जनशक्ति विवरण ........ 19


## तालिका सूची


तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थिति

तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी

तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण

तालिका ४ : क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश

तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण

तालिका ६ : आयआर्जन सम्बन्धी विवरण

तालिका ७ : सहकारी सम्बन्धी विवरण

तालिका ८ : योजनास्तरमा गरिएको अनुगमनको विवरण

तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु

तालिका १० : अनुगमनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन

तालिका ११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक

तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य

तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु




GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## आर्थिक वर्ष २०७५/०७६ को प्रगती सारांश

| | |
|---|---|
| **स्थानीय तहको नाम:** | भगवतीमाई गाँउपालिका , दैलेख |
| **परियोजनाको नाम :** | ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना, तेस्रो चरण |
| **प्रतिवेदनको समयावधी** | १ श्रावण २०७५ देखी ३१ आषाढ २०७६<br>(16th July 2018 to 16th July 2019) |

### क. आर्थिक प्रगती सारांश

| **परियोजनाको लागि यस आ.ब.को कुल बजेट तथा खर्चको अवस्था** (रु हजारमा) (दातृ निकाय, नेपाल सरकार तथा स्थानीय तह समेत) | **शीर्षक** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| | पूँजीगत | ११११२३०००।०० | १६९२४५८०।८७ | १६१९३३४३।८७ | ९५.६७ |
| | कार्यक्रम/चालु: | ६१०८०००।०० | ६०८१६९०।०० | ६०५४२६४।०० | ९९.५४ |
| | **जम्मा** | १७२३१००० | २३००६२७०।८७ | २२२४७६०७।८७ | ९६.७० |

| **श्रोतगत रुपमा आर्थिक बर्षको बजेट तथा खर्चको अवस्था** (रु हजारमा) | **लगानीको स्रोत** | **बजेट** | **निकासा** | **खर्च** | **खर्च %** |
|---|---|---|---|---|---|
| | स्थानीय तह | ७२८०००।०० | ६५४२३९७।८७ | ६,५४२,३९७।८७ | १०० |
| | नेपाल सरकार | ८०८५०००।०० | ८०८५०००।०० | ७३२६३३७।०० | ९०.६१ |
| | दातृ निकाय (GoF/EU) | ८४१८०००।०० | ८३७८८७३।०० | ८३७८८७३।०० | १०० |
| | **जम्मा** | १७२३१००० | २३००६२७०।८७ | २२,२४७,६०७।८७ | ९६.७० |
| | उपभोक्ताको Cash | २७२०००।०० | २७२०००।०० | २७२०००।०० | १०० |
| | उपभोक्ताको Kind | १५१२८५११।०० | ०।०० | ११४९१५२८।०० | |
| | **जम्मा** | १५४००५११।०० | २७२०००।०० | ११७६३५२८।०० | |
| | **कुल जम्मा** | ३२६३१५११।०० | २३३१७३९७।८७ | ३४०१११३५।८७ | |

### ख. भौतिक प्रगती सारांश

| **नतिजा क्षेत्र** | **आर्थिक वर्षको बुँदागत प्रमुख उपलव्धी** |
|---|---|
| **नतिजा १ : खानेपानी, सरसफाइ तथा स्वच्छता** | • चालु आ.व.का लागी वार्षिक कार्ययोजनामा पेश गरिएका सबै खानेपानी तथा सरसफाई योजना संझौता भै संचालन गरिएको ।<br>• चालु आ.व.मा संचालन गरिएका ३ वटै खानेपानी तथा सरसफाई योजना नीजि धाराको अवधारणामा तयार भएको<br>• गत आर्थिक वर्षमा संचालन भै चालु आ.व. सम्पन्न हुने २ वटा खानेपानी तथा सरसफाई योजना आ.व.को पहिलो चौमासिकमा नै सम्पन्न भएको ।<br>• खानेपानी, सरसफाई तथा स्वच्छता कार्यविधी २०७५ स्वीकृत भै सो आधारमा गाँउपालिका तथा वडा स्तरमा खानेपानी, सरसफाई तथा स्वच्छता समिति गठन भै पुर्ण सरसफाई सम्बन्धी कार्ययोजना तयार भएको । |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | |
|---|---|
| | • जलश्रोत नियमावली २०७५ गाँउसभाबाट स्वीकृत भै गाँउपालिका जलश्रोत व्यवस्थापन समिति गठन भईसकेको र खानेपानीका मुहान दर्ता प्रक्रियामा रहेको ।<br>• प्रत्येक खानेपानी तथा सरसफाईका योजनाहरुमा तीव्ररुपमा सरसफाईका संरचना ( चाङ,जुठ्ठयान, फोहोर फाल्ने खाडल) निर्माण भएको ।<br>• खानेपानी तथा सरसफाई र महिनावारी स्वच्छताका विभिन्न सचेतना जगाउने कार्यक्रमहरु संचालन गरी समुदाय सचेत भएको तथा छाउगोठ मुक्त गाँउपालिका घोषणा गर्ने तयारी रहेको ।<br>• निर्माण पश्चातका क्रियाकलाप अर्न्तगत सम्पन्न भएका खानेपानी तथा सरसफाईका योजनाहरुमा मर्मत संभारकोष, मर्मत संभार कार्यकर्ताको दिगोपनाका विषयमा छलफल गराई मर्मत सामग्री तथा औजारहरु उपलब्ध गराएको । |
| **नतिजा २ :**<br>**जीविकोपार्जन प्रवर्द्धन** | • चालु आ.व.मा संचालन गरिएका खानेपानी तथा सरसफाई आयोजनाहरुको सबै घरधुरीलाई कृषि समुहमा आवद्ध गराई घरबारी व्यवस्थापनका तालिम दिई करेसाबारी व्यवस्थापन गरेको ।<br>• गत आ.व.मा संचालन गरेको सहडे सिंचाई आयोजना यस आ.व.मा सम्पन्न भएको ।<br>• टर्कीबाट आयातित गरि लगाईएको ओखर वेर्ना लगाएको ४० दिनमा नै फलेको ।<br>• बहुउद्देश्यीय नर्सरी व्यवस्थापन तालिम प्राप्त कृषकहरुले गाँउपालिकासँग समन्वय गरी व्यवसायिक कृषकको रुपमा स्थापित भएको ।<br>• भगवतीमाई गा.पा. ४ मा रहेको मन्घर बचत तथा ऋण सहकारी संस्था लि.लाई मन्घर कृषि सहकारीको रुपमा परिणत गाँउपालिकामा दर्ता प्रक्रियामा रहेको । |
| **नतिजा ३ : जलवायु परिवर्तन अनुकुलन/प्रकोप जोखिम न्यूनीकरण** | • विभिन्न कृषि समुहमा आवद्ध भएका कृषिहरु बेमौसमी तरकारी खेतीको लागी पोलिहाउस भित्र तरकारी खेती गर्न थालेको ।<br>• प्रत्येक खानेपानी तथा सरसफाईका योजनाहरुमा कामदारहरुको जोखीम कम गर्नको लागी योजनामा मै सामुहिक दुर्घटना विमा गराईएको ।<br>• प्रत्येक खानेपानी तथा सरसफाई योजनाको मुहान संरक्षणका लागी वृक्षारोपण तथा पानी सुरक्षा योजनाका क्रियाकलापहरु संचालन गरिएको । |
| **नतिजा ४ : क्षमता विकास** | • खानेपानी तथा सरसफाई उपभोक्ता समितिले योजनाको लेखा आफैले राख्न सक्ने भएको ।<br>• खानेपानी तथा सरसफाई उपभोक्ता समितिले योजनाको सार्वजनिक परिक्षण तथा अनुगमनको कार्यक्रम आफैले संचालन गर्न सक्ने भएको ।<br>• महिलाहरुले आफनो क्षमता विकासका योजना आफैले निर्माण गरी गाँउसभामा पेश गरी स्वीकृत गरेको ।<br>• गाँउपालिकाका जनप्रतिनिधीहरुले योजना छनौट गर्दा गुरुयोजना बाहेक अन्यत्रका योजना नछान्ने र पुर्व सम्भाव्यता अध्ययन तथा समिति गठन गर्दा वडाका जनप्रतिनिधीको उपस्थीतिमा गठन गर्ने गरेको । |

# आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रगति प्रतिवेदन

## १. पृष्ठभूमी

कर्णाली प्रदेश र प्रदेश सातका ग्रामीण क्षेत्रमा **"न्यायोचित, समतामूलक तथा दिगो रुपमा पानीको उपयोगको माध्यमवाट स्थानीय जनताहरुको जीवनस्तर सुधार तथा जीवीकोपार्जनका अवसरहरुको वृद्धि गर्ने"** लक्ष्यका साथ नेपाल सरकार र गणतन्त्र फिनल्याण्ड सरकार बीच सम्झौता भई आर्थिक वर्ष २०६३/०६४ देखि यस क्षेत्रका १० जिल्लाहरु ( अछाम, बैतडी, बझाङ्ग, बाजुरा, डडेलधुरा, दार्चुला, डोटी, कैलाली, दैलेख र हुम्ला) मा सफलतापूर्वकनिरन्तर सञ्चालन भइरहेको ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (RVWRMP) राज्यको पुनर्सरचनासँगै नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप अर्थिक वर्ष २०७४/०७५ को आरम्भ देखिनै स्थानीय सरकार मातहत कार्यान्वयन भईरहेको छ ।

नेपालमा संघीयताको कार्यान्वयन सँगै नेपालको संविधान २०७२ ले परिकल्पना गरे वमोजिम स्थानीय विकास निर्माणको जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ । संघ र प्रदेशको संयुक्त अधिकार सूचीमा भएका बाहेक स्थानीय तहका विभिन्न २२ वटा अधिकारहरु नेपालको संविधान, २०७२ को अनुसूची ८ मा व्यवस्था गरिएको छ । जस अनुसार स्थानीय स्तरका जनसरोकारका सबै विषयवस्तुहरुको योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन स्थानीय तहको जिम्मेवारी भित्र पर्दछ ।

यस गाउँपालिकामा परियोजना कार्यान्वयन गर्नको लागि मिति २०७४।०४।०६ स्थानीय पूर्वाधार विभाग (साविक डोलीडार), यस गाउँपालिका र जिल्ला समन्वय समिति बीच समझदारी पत्रमा हस्ताक्षर सम्पन्न भएको हो । सोहि समझदारी पत्रमा उल्लेख भएका बुँदाहरु तथा परियोजनाको स्वीकृत परियोजना कार्यान्वयन निर्देशिका मा उल्लेख भएका प्रावधानहरु मातहत रही आर्थिक वर्ष २०७५/०७६ मा किटान गरिएका लक्ष वमोजिम हासिल गरिएका उपलव्धीहरु, आइपरेका समस्याहरु लगायतका विषयहरुलाई विष्लेशण गरी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

आर्थिक वर्ष २०७५/०७६ मा परियोजना अन्तर्गत कुल बिनियोजित रकम मध्ये १०० प्रतिशत रकम निकासा भै ९५ प्रतिशत खर्च भएको छ । जसमध्ये नेपाल सरकार तर्फको **रु.७५८६६३।००** रकम फ्रिज भएको छ भने दातृ निकाय तर्फको **रु ०।००** परियोजना कार्यालयमा फिर्ता गरिएको छ । स्थानीय तहको वार्षिक कार्ययोजनामा विनियोजित **रु. ७,२८,०००।०० मध्ये रु. ६५,४२,३९७।००** खर्च भएको छ । यस स्थानीय तहमा बजेटको तुलनामा **८९०%** आर्थिक प्रगति हासिल भएको छ ।

तर्जुमा गरिएका १० वटा भौतिक निर्माण तर्फका योजनाहरु मध्ये ७ वटा योजनाहरु सम्पन्न भएका छन् भने ३ वटा निर्माणाधिन योजनाहरु आगामी बर्ष समेत निरन्तर रुपमा निर्माण कार्य हुने गरी जिम्मेवारी सरी गएका छन् ।

यस प्रतिवेदनमा भगवतीमाई गाउँपालिकामा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना अन्तर्गत हासिल भएको प्रगती तथा सम्पन्न हुन नसकेकाका क्रियाकलापहरु तथा आइपरेका समस्याहरुलाई संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ । यस प्रतिवेदनले गाउँपालिका परियोजना व्यवस्थापन समिति तथा परियोजना सहयोग इकाई/परियोजना समन्वय कार्यालयलाई समेत भविष्यमा परियोजनालाई थप प्रभावकारी बनाउनको लागि चाल्नु पर्ने आवश्यक कदमको बारेमा मार्गदर्शन प्रदान गर्ने अपेक्षा गरिएको छ ।



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

## २. लक्ष बमोजिम उपलब्धी

### २.१. जलउपयोग गुरुयोजना

यस गाउँपालिकामा आर्थिक वर्ष २०७५/०७६ मा तर्जुमा गर्ने लक्ष राखिएको जलउपयोग गुरुयोजना सम्बन्धमा निम्न बमोजिम प्रगति हासिल भएको छ। जलउपयोग गुरुयोजनासंग सम्बन्धित क्षमता विकासका क्रियाकलापहरु शीर्षकमा उल्लेख गरिएको छ । जलउपयोग गुरुयोजना सम्बन्धमा यस आर्थिक वर्षमा भएको प्रगति निम्न बमोजिम रहेको छ।

***तालिका १ : जलउपयोग गुरुयोजना तर्जुमाको प्रगति स्थीति***

| लक्ष्य | प्रगति |
|---|---|
| जलउपयोग गुरुयोजनाको तर्जुमा गरी अन्तीम प्रतिवेदन तयार गरी गाँउपालिकामा पेश गर्ने | गाँउपालिका स्तरीय जलउपयोग गुरुयोजना तयारी कार्यशाला गोष्ठी सम्पन्न भएको छ। मस्यौदा प्रतिवेदन समेत हाल सम्म प्राप्त भै नसकेको |

### २.२. भौतिक प्रगति

यस गाउँपालिकामा आर्थिक वर्ष २०७५/०७६ मा भौतिक निर्माण तर्फ हासिल गरिएको प्रमुख उपलब्धी बुँदागत रुपमा निम्न बमोजिम प्रस्तुत गरिएको छ।

१. गत आ.व.मा संचालनमा रहेका २ वटा खानेपानी तथा सरसफाई आयोजनाहरु चालु आ.व.मा संचालन गर्ने लक्ष्य बमोजीम प्रथम चौमासिकमा भौतिक रुपले सम्पन्न भएको।
२. गत आ.व.मा संचालनमा रहेको १ सिंचाई आयोजना चालु आ.व.मा सम्पन्न गर्ने लक्ष्य अनुसार यस आ.व.को अन्तीम चौमासिकमा सम्पन्न भई फरफारक समेत भै सकेको।
३. चालु आ.व.मा तय गरिएका सबै खानेपानी तथा सरसफाई आयोजनाहरुमा नीजिधाराको अवधारणामा संझौता भई कार्यक्रम संचालनमा रहेको आगामी आ.व.मा सम्पन्न हुने।
४. संस्थागत विद्यालय शौचालय निर्माण गर्ने लक्ष्य अनुसार २ वटा विद्यालयहरुमा २ कोठे पक्की शौचालय निर्माण भई संचालनमा रहेको।
५. खानेपानी तथा सरसफाई आयोजना क्षेत्रमा नै २०० घरधुरीमा सुधारिएको चुल्हो निर्माण गर्ने लक्ष्य बमोजिम २२१ घरधुरीमा सुधारिएको चुल्हो निर्माण भै संचालनमा रहेको छ।
६. संचालनमा रहेका खानेपानी तथा सरसफाई योजना क्षेत्रमा पुर्ण सरसफाई सम्बन्धी संरचनाहरु निर्माण गर्ने लक्ष्य बमोजिम १७५ घरधुरीहरुमा चाङ जुठेल्नो तथा फोहोर फाल्ने खाडल निर्माण भैसकेको तथा अन्य घरधुरीहरुमा पनि निर्माण हुने क्रममा रहेको।
७. आगामी वर्ष संचालन हुने ३ वटा खानेपानी तथा सरसफाई आयोजना र १ सिंचाई आयोजनाहरुको पुर्व सम्भाव्यता अध्ययन भै २ खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन समेत भई सकेको।
८. योजना संचालन भएका क्षेत्रका विद्यालयहरु मध्ये २ वटा विद्यालयमा खानेपानी सरसफाई स्वच्छता तथा वातावरण मैत्री विद्यालय निर्माण कार्यक्रम अनुसार भैरव माविमा वातावरण मैत्री विद्यालयको संरचना तयार भएको छ भने भगवती मा.वि.मा तारबारको अभावमा सरसफाई सम्बन्धी सामग्री सहयोग गरी खानेपानी शुद्धीकरणमा सहयोग गरेको तथा अन्य ४ वटा विद्यालयमा कार्ययोजना निर्माण गर्ने तथा सामग्री सहयोग गरिएको।


GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

*तालिका २ : यस आर्थिक वर्षमा हासिल गरिएको भौतिक उपलब्धी*

| क.सं. | योजनाको प्रकार | सम्पन्न गर्ने लक्ष | | हासिल भएको उपलब्धी | | प्रगती प्रतिशत (%) | |
|---|---|---|---|---|---|---|---|
| | | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या | योजना संख्या | लाभान्वित जनसंख्या |
| १ | खानेपानी योजनाहरु | २ | १२५४ | २ | १२५४ | १०० | १२५४ |
| २ | सिँचाई योजनाहरु | १ | १०९२ | १ | १०९२ | १०० | १०९२ |
| ३ | संस्थागत चर्पीहरु (संख्या) | २ | ६६३ | २ | ६६३ | १०० | ६६३ |
| ४ | घरबारी व्यवस्थापन (घरधुरी) | २१ | ५४१ | २१ | ५४१ | १०० | ५४१ |
| ५ | सुधारिएको चुल्हो (संख्या) | २०० | ११८७ | २२१ | ११८७ | ११० | १३२६ |
| ६ | सुधारिएको पानी घट्ट (संख्या) | ० | ० | ० | ० | ० | ० |
| ७ | पोखरी संरक्षण | ० | ० | ० | ० | ० | ० |
| ८ | मुल संरक्षण | ० | ० | ० | ० | ० | ० |
| ९ | सरसफाई सरंचना निर्माण | १०० | ५५० | १७५ | ९७८ | १७५ | १०११ |

तपसील बमोजिमको कारणले लक्ष गरिए बमोजिम योजनाहरु सम्पन्न हुन नसकी लक्षीत उपलब्धी हासिल हुन सकेन ।

*तालिका ३ : लक्ष बमोजिम भौतिक उपलब्धी हासिल हुन नसक्नुको कारण*

| क.सं. | लक्ष बमोजिम उपलब्धी हासिल हुन नसक्नुको कारण | भविष्यमा यस प्रकारको समस्या आउन नदिनको लागि गाउँपालिका परियोजना व्यवस्थापन समितिको रणनीति |
|---|---|---|
| १ | | ○ |
| २ | | ○ |
| ३ | | ○ |
| ४ | | ○ |
| ५ | | ○ |

गाउँपालिका भित्र परियोजनाको सहयोगमा सम्पन्न भएका तथा निर्माणाधिन योजनाहरुको सूची अनूसुची १ मा दिइएको छ ।

## २.३. क्षमता विकास

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा क्षमता विकास तर्फ हासिल भएका प्रमुख उपलब्धीहरु निम्न बमोजिम रहेका छन् ।

१. वडा स्तरमा तयार गरिएको जलउपयोग गुरुयोजना गाँउपालिकास्तरको कार्यशाला गोष्ठी गरी मस्यौदा प्रतिवदेन तयार भएको छ ।
२. यस भगवतीमाई गाँउपालिकाको महिला जनप्रतिनिधी लगायतको अन्य सरोकारवालाहरुद्वारा महिलाहरुको क्षमता विकास सम्बन्धी पाँच वर्षिय रणनैतिक योजना निर्माण गरी गाँउ कार्यपालिकाबाट स्वीकृत भई सकेको छ ।

३. गाँउपालिका स्तरीय तथा वडा स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिको गठन तथा पुर्नगठन भै पुर्ण सरसफाई सम्बन्धी रणनैतिक योजना निर्माण तयार गरी कार्यान्वयन चरणमा रहेको छ ।
४. गाँउपालिका जलश्रोत व्यवस्थापन समिति गठन भै जिल्ला जलश्रोत व्यवस्थापन समितिबाट गाँउपालिका भित्रका खानेपानी तथा सिंचाईका मुहान दर्ता गरिएका कागजातहरु व्यवस्थापन गर्ने प्रयास गरिएको छ ।
५. गाँउपालिका परियोजना व्यवस्थापन समितिबाट स्वीकृत गराई क्रियाक्लापहरु संचालन गर्ने अभ्यास रहेको छ ।

***तालिका ४ :क्षमता विकास तर्फ प्रशिक्षित जनशक्तिको विवरण सारांश***

| क्षमता अभिवृद्धि क्रियाकलाप | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष | जम्मा महिला | जम्मा पुरुष |
|---|---|---|---|---|---|---|---|---|
| खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तलिम | 43 | 44 | 0 | 0 | 54 | 125 | 97 | 169 |
| सरसफाइ, स्वच्छता तथा महिनावारी व्यवस्थापन सम्बन्धी तालिमहरु | 252 | 101 | 32 | 26 | 609 | 481 | 893 | 608 |
| जीविकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु | 39 | 67 | 3 | 3 | 160 | 240 | 202 | 310 |
| स्थानीय स्रोत व्यक्ति विकाससंग सम्बन्धित प्राविधिक तालिमहरु | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 1 |
| जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु | | | | | | | | |
| नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु | 15 | 23 | 1 | 8 | 38 | 92 | 54 | 123 |
| गाउँपालिकास्तरीय क्षमता विकास तालिमहरु | 14 | 5 | 4 | 1 | 46 | 42 | 64 | 48 |
| **जम्मा** | **363** | **240** | **40** | **38** | **907** | **981** | **1310** | **1259** |
| **प्रतिशत् :** | **23.47%** | | **3.04%** | | **73.49%** | | **50.99%** | **49.01%** |

तालिमको विस्तृत विवरण अनुसूची २ मा दिइएको छ ।

## २.४. जीविकोपार्जन कार्यक्रम

यस आर्थिक वर्षमा जीविकोपार्जन तर्फ यस गाउँपालिकामा निम्न बमोजिमको प्रमुख उपलब्धी हासिल भएको छ ।

१. परियोजनाद्धारा चालु आ.व.मा संचालन गरिएको खानेपानी तथा सरसफाई योजना क्षेत्रका १६ वटा कृषि समुहमा घरबारी व्यवस्थापन तालिम संचालन गरी ४१० घरधुरीले घरबारी व्यवस्थापन कार्य शुरु गरेको छन् ।
२. गत आ.व.मा संचालन गरिएका खानेपानी तथा सरसफाई योजना क्षेत्रभित्रका ५ वटा कृषि समुहका १२७ घरधुरीमा घरबारी व्यवस्थापन पुर्नताजगी तालिम संचालन गरी घरबारी व्यवस्थापनलाई सहयोग पुगेको छ ।
३. २१ वटा कृषि समुहबाट अगुवा कृषक छनौट गरी ४ दिने तालिम संचालन गरी अगुवा कृषकको रुपमा विकास गरेको छ ।
४. ओखर सम्भाव्य क्षेत्रको पहिचान गरी ओखरखेती कृषि समुहका २३ जना कृषकलाई ओखरखेती सम्बन्धी तालिम संचालनका साथै टर्कीबाट उन्नत जातको ओखरका विरुवा गाँउपालिकामा भित्राएको छ ।



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

५. २ वटा कृषि समुहका ६० घरधुरीले बेमौसमी तरकारीखेतीको तालिमबाट बेमौसमी तरकारी उत्पादन गरी आयआर्जन गर्न शुरुवात गरेको छन् ।

६. १ कृषि समुहका २९ जना कृषकहरु व्यवसायिक तरकारी खेती गरी तरकारीबाट आत्मनिर्भर हुने थालेका छन् ।

७. बहुउद्देश्यीय नर्सरी व्यवस्थापन तालिम पाएका ५ जना कृषकहरु मध्ये ३ जना कृषकहरु गाँउपालिकाबाट नर्सरी व्यवस्थापनको बजेट समेत प्राप्त गरी व्यवसायिक नर्सरीको शुरुवात समेत गरेको ।

८. ६ वटा कृषि समुहका १५६ घरधुरीका कृषकहरुलाई सहकारी शिक्षा तालिम संचालन गरी सहकारीमा आवद्ध भएका छन् ।

९. मन्घर बचत तथा ऋण सहकारी सँस्था लिमिटेडमा विभिन्न क्रियाक्लाप संचालन गरी उक्त सहकारीलाई कृषि सहकारीमा दर्ता गर्ने प्रक्रिया रहेको छ ।

*तालिका ५ : घरबारी व्यवस्थापन गर्ने घरधुरी विवरण*

| वडा नं. | अघिल्लो आ.व. सम्म | | | | यस आ.व. मा | | | | जम्मा | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा | दलित | जनजाती | अन्य | जम्मा |
| 1 | **0** | 0 | **0** | **0** | **95** | 0 | **15** | **110** | **95** | 0 | **15** | **110** |
| 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 3 | **0** | 0 | **0** | **0** | **0** | 0 | **0** | **0** | **0** | 0 | **0** | **0** |
| 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 |
| 5 | 20 | 0 | 32 | 52 | 23 | 4 | 132 | 159 | 43 | 4 | 164 | 211 |
| 6 | 22 | 0 | 53 | 75 | 28 | 0 | 43 | 71 | 50 | 0 | 96 | 146 |
| 7 | 0 | 0 | 0 | 0 | 16 | 0 | 58 | 74 | 16 | 0 | 58 | 74 |
| **जम्मा** | **42** | **0** | **85** | **127** | **162** | 4 | **248** | **414** | **154** | **4** | **333** | **541** |

*तालिका ६ : आयआर्जन सम्बन्धी विवरण*

| क्र.सं. | आयआर्जन क्रियाकलापहरु | व्यवसाय गर्ने जम्मा व्यक्ति | | | |
|---|---|---|---|---|---|
| | | दलित | जनजाती | अन्य | जम्मा |
| १ | व्यवसायिक तरकारी तथा मसला खेती | १५ | ० | ७५ | ९० |
| २ | व्यवसायिक फलफूल खेती | १ | ० | १७ | १८ |
| ३ | लघुउद्यम व्यवसाय | ० | ० | ० | ० |
| ४ | बहुद्देश्यीय नर्सरी व्यवस्थापन | ० | ० | ५ | ५ |
| ५ | एग्रोभेट | ० | ० | २ | २ |
| **जम्मा** | | १६ | | ९९ | ११५ |

*तलिका ७ : सहकारी सम्बन्धी विवरण*

| क्र.सं. | सूचकहरु | परियोजनाको प्राविधिक सहयोग प्राप्त सहकारीको नाम | | | |
|---|---|---|---|---|---|
| | | मन्घर कृषि सहकारी संस्था लि. | | | |
| १ | सहकारीमा आवद्ध उपभोक्ता समिति संख्या | ० | | | |
| २ | शेयर धनीहरुको संख्या | २३१ | | | |
| ३ | कुल सम्पत्ती रु. | २७९३८०४।०० | | | |
| ४ | कुल ऋण लगानी रु | २७६९७७०।०० | | | |
| ५ | असूली दर | ३३७४७९०।०० | | | |
| ६ | खुद नाफा रु | ३०५८८२।०० | | | |
| ७ | मर्मत सम्भार कोष विनियोजन रु | ० | | | |
| ८ | जगेडा कोष रु. | १६०८५२।०० | | | |
| ९ | सञ्चालन आत्मनिर्भरता | ८५.२५% | | | |

## ३. अनुगमन तथा प्रतिवेदन

गाउँपालिका तथा स्थानीय पूर्वाधार विभाग बीच सम्पन्न समझदारी बमोजिम यस गाउँपालिकामा परियोजनाका क्रियाकलापहरुको नियमित रुपमा अनुगमन गर्नको लागि मिति २०७५।१०।२८ गतेको गाउंपालिका परियोजना व्यवस्थापन समितिको निर्णयानुसार अनुगमन कार्यदल गठन गरिएको छ ।

***तालिका ८:अनुगमन कार्यदलबाट योजनास्तरमा गरिएको अनुगमनको विवरण***

| क.सं. | योजनाको नाम | चरणवद्ध कार्यपद्धति वमोजिम गर्नुपर्ने स्थलगत अनुगमन संख्या | स्थलगत अनुगमन गरिएको संख्या | गाउँपालिका कार्यालयवाट अनुगमनमा सहभागि भएको संख्या |
|---|---|---|---|---|
| १. | भुवाल्ने खानेपानी तथा सरसफाई आयोजना | ३ | ३ | १२ |
| २ | पुरानोपानी पातीविसा खानेपानी तथा सरसफाई आयोजना | ३ | ३ | १२ |
| ३ | सहडे सिचाई आयोजना | ३ | ३ | ६ |
| ४ | खोर खानेपानी तथा सरसफाई आयोजना | ३ | २ | ८ |
| ५ | लाप्काखोला धार्रा खानेपानी तथा सरसफाई आयोजना | ३ | १ | ६ |
| ६ | भहलाग्ने गौंथली खानेपानी तथा सरसफाई आयोजना | ३ | १ | ५ |
| ७ | भगवती मा.वि. थुवा शौचालय निर्माण | २ | २ | ५ |
| ८ | ने.रा. आ.वि. तुप्लुङ शौचालय निर्माण | २ | २ | ५ |
| | सुधारिएको चुल्हो निर्माण | २ | २ | ६ |
| | सरसफाई संरचना निर्माण | २ | २ | ६ |
| | **जम्मा** | **२६** | **२१** | **७१** |

***तालिका ९ : गाउँपालिकाबाट परियोजनामा पेश भएका प्रतिवेदनहरु***

| **क्र.सं.** | **प्रतिवेदन** | **आ.व. पेश गर्नुपर्ने संख्या** | **समयमा पेश गरिएको प्रतिवेदन संख्या** | **समयमा पेश गर्न नसकिएको प्रतिवेदन संख्या** |
|---|---|---|---|---|
| १ | मासिक आर्थिक प्रतिवेदन (फाँटबारी) | १२ | १२ | ० |
| २ | चौमासिक प्रगति प्रतिवेदन | ३ | ३ | ० |
| ३ | वार्षिक प्रतिवेदन | १ | १ | ० |
| | **जम्मा** | **१६** | **१६** | **०** |

परियोजना सहयोग इकाई तथा परियोजना समन्वय कार्यालयवाट विभिन्न मितिमा गरिएको जलस्रोत विकास कोषको अनुगमनको क्रममा दिइएका सुझावहरुको कार्यान्वयन निम्न बमोजिम गरिएको छ ।

*तालिका १० : अनुगमनमा औंल्याइएका सुझावहरुको कार्यान्वयन*

| क्र.सं. | अनुगमन मिति | अनुगमन टोलीले दिएको सुझाब | सुझावको कार्यान्वयन विवरण |
|---|---|---|---|
| १. | | ● वितीय खर्चको फाँटवारी र बैंक नगदी किताबमा रहेको विवरण फरक रहेको | ● वित्तीय खर्चको फाँटबारी र बैंक नगदी किताब मिलान गरिएको छ। |
| २. | | ● नेपाल सरकारको नीति अनुसार SuTRA software प्रयोग गर्नुपर्ने | ● आ.व.०७६/०७७ बाट नेपाल सरकारको नीति अनुसार गर्ने नियम रहेको। |
| ३. | | ● गत आ.व.को बैदेशिक सहयोग तर्फको बचेको रकम चालु आ.व.मा आम्दानी बाध्नुपर्ने | ● आम्दानीमा बाँधीएको छ। |
| ४. | २०७६।०१।२३ | ● सहडे सिंचाई आयोजनामा निर्माण गरिएको विद्यालय प्रवेशद्धार गाँउपालिकाको साभेद्धारी रकमबाट भुक्तानी गर्नुपने। | ● साझेद्धारी रकमबाट भुक्तानी गरिएको छ। |
| ५. | | ● चालु तथा पुजीगत तर्फको श्रेस्ता छुट्टाछुट्टै राख्नुपर्ने। | ● आगामी आ.व.बाट छुट्टा छुट्टै राख्ने गरी व्यवस्था मिलाएको छ। |
| ६. | | ● प्रतिवदेन अनुसारको वित्तीय प्रतिवेदन फरक परेकोले सम्बन्धीत निकाय छलफल गरी प्रतिवेदनमा एकरुपता ल्याउनुपर्ने। | ● प्रतिवेदन अनुसार मिलान गरिएको छ। |
| ७. | | | |

जलस्रोत विकास कोषको सम्पूर्ण खर्च रकम तोकिएको शीर्षकमा मात्र गरिएको छ। आर्थिक वर्ष २०७५।०७६ मा भएको आम्दानी र खर्च रकमको विवरण गाउँपालिकाको वेवसाइटमा राखिएको छ ।

## ४. प्रगती समीक्षा तथा योजना तर्जुमा

विभिन्न मितिमा परियोजनाका क्रियाकलापहरुको प्रगती समीक्षा तथा परियोजनाको कार्यान्वयनको विषयमा गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक बसी विभिन्न विषयमा छलफल तथा निर्णयहरु गरिएको छ।

*तालिका११ : गाउँपालिका परियोजना व्यवस्थापन समितिको बैठक*

| बैठक नं. | मिति | प्रमुख छलफल तथा निर्णयहरु |
|---|---|---|
| १ | २०७५।०५।२९ | ● खानेपानी सरसफाई, स्वच्छता तथा वातावरण मैत्री विद्यालय (BLUE School) छनौट सम्बन्धमा।<br>● निजी धारामा आधारित खानेपानी तथा सरसफाई योजना निर्माण तथा लगानी सम्बन्धमा।<br>● गाँउपालिका स्तरीय जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन लगानी योजना सम्बन्धी गोष्ठि आयोजना गर्ने सम्बन्धमा। |
| २ | २०७५।०६।११ | ● परियोजनाको लागी सहयोगी संस्थाको मुल्याकंन नतिजा सम्बन्धमा। |
| ३ | २०७५।०७।२७ | ● परियोजनाको सहयोगी संस्थासँग वार्षिक संम्झौता सम्बन्धमा।<br>● सम्पन्न भएका खानेपानी योजनाको अन्तीम अनुगमन सम्बन्धमा। |
| ४ | २०७५।०८।२४ | ● स्थानिय श्रोत व्यक्ति परिचालन सम्बन्धमा।<br>● सम्पन्न भएका योजनाको अन्तीम भुक्तानी सम्बन्धमा।<br>● नयाँ खानेपानी तथा सरसफाई योजनाहरुको संझौता सम्बन्धमा। |



GOVERNMENT OF NEPAL
EUROPEAN UNION
Ministry for Foreign Affairs of Finland

| | | |
|---|---|---|
| ५ | २०७५।१०।२८ | ● संचालनमा रहेका खानेपानी तथा सरसफाई र सिचाई योजनाको जानकारी तथा समिक्षा सम्बन्धमा ।<br>● विद्यालय शौचालय निर्माणको लागी विद्यालय छनौट तथा संझौता गर्ने सम्बन्धमा ।<br>● सुधारिएको चुल्हो निर्माण तालिम संचालन गर्ने सम्बन्धमा ।<br>● खानेपानी सरसफाई संरचना निर्माण गर्ने सम्बन्धमा ।<br>● सहकारी संचालन तथा व्यवस्थापन सम्बन्धी तालिम संचालन गर्ने सम्बन्धमा ।<br>● मिडिया परिचालन सम्बन्धमा ।<br>● गाँउपालिका स्तरिय अनुगमन कार्यदल गठन गर्ने सम्बन्धमा । |
| ६ | २०७५।११।१६ | ● परियोजनाद्धारा संचालन गरिएका मासिक क्रियाक्लापहरुको समिक्षा सम्बन्धमा ।<br>● सुधारिएको चुल्हो निर्माण सम्बन्धी तालिम सन्चालनको लागी रकमान्तर गर्ने सम्बन्धमा ।<br>● वाहय निर्माण सामग्री आपुर्तिकर्तालाई कालोसुचीमा राख्ने सम्बन्धमा । |
| ७ | २०७५।१२।२० | ● खानेपानी तथा सरसफाई योजनाहरुको दोश्रो अनुगमन सम्बन्धमा ।<br>● सहडे सिंचाई योजनाको संझौता अवधिको म्याद थप्ने सम्बन्धमा । |
| ८ | २०७६।०१।२८ | ● खानेपानी तथा सरसफाई योजनाको अनुगमन सम्बन्धमा ।<br>● गाँउपालिकाको जनप्रतिनिधीहरुको लागी क्षमता विकास सम्बन्धी तालिम संचालन गर्ने सम्बन्धमा<br>● विद्यालय प्रवेशद्धारको भुक्तानी सम्बन्धमा । |
| ९ | २०७६।०२।२६ | ● आ.व.०७६।०७७ का बजेट तथा कार्यक्रम गाँउसभाबाट अनुमोदन गराउने सम्बन्धमा ।<br>● विद्यालय शौचालय, सुधारिएको चुल्हो निर्माण , सरसफाई संरचना तथा सहडे सिचाई आयोजनाको अन्तिम सार्वजनिक परिक्षण तथा अनुगमन सम्बन्धमा ।<br>● परियोजनाको हालसम्मको भौतिक तथा वितिय प्रगतिको समिक्षा सम्बन्धमा । |
| १० | २०७६।०३।२७ | ● आ.व. ०७५।०७६ को पुजीगत तथा चालु अर्न्तगतका क्रियाक्लापहरुको भौतिक प्रगतिको समिक्षा सम्बन्धमा<br>● आ.व ०७५।०७६ को पुजीगत तथा चालु अर्न्तगतका क्रियाक्लापहरुको वित्तिय प्रगती समिक्षा सम्बन्धमा ।<br>● गाँउपालिका तथा परियोजना सहयोगी संस्थाको वार्षिक कार्य सम्पादन मुल्याकंन सम्बन्धमा । |

## ५. नीति तर्जुमा

यस गाउँपालिकाले खानेपानी, सरसफाइ, स्वच्छता एवं महिनावारी व्यवस्थापन तथा जीविकोपार्जन प्रवर्द्धन क्षेत्रमा निम्न वमोजिमका नीतिहरु तर्जुमा गरेको छ ।

१. सहकारी ऐन २०७४

२. जलश्रोत नियमावली २०७५

३. खानेपानी सरसफाई तथा स्वच्छता कार्यविधी २०७५

## ६. सहकार्य

परियोजना कार्यान्वयनको सिलसिलामा परियोजनासँग सम्बन्धित योजना क्रियाकलापहरुमा गाउँपालिकाका विषयगत शाखाहरु र अन्य साझेदार निकायहरुबाट निम्न तालिका बमोजिमको थप आर्थिक तथा प्राविधिक सहयोग ( परियोजनाको लागि विनियोजित बजेट भन्दा बाहेक) उपलब्ध भएको छ ।

*तालिका १२ : परियोजनासँग सम्बन्धित कृयाकलापहरुमा सहकार्य*

| क्र.सं. | निकायको नाम | कार्यक्रम | सहकार्यको प्रकार | सहकार्यको रकम रु. (वा बराबर) |
|---|---|---|---|---|
| १ | सि.वी.ओ महासंघ, लुथरन, बहुक्षेत्रीय पोषण कार्यक्रम,सुआहारा, आशा परियोजना | अर्न्तराष्टिय महिला दिवस, महिनावारी दिवस, सरसफाई सप्ताह | आर्थिक तथा सामाजिक | विभिन्न कार्यक्रम गरी १०००००।०० बराबर |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

## ७. आइपरेका समस्याहरु

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा निम्न बमोजिमका समस्याहरु आइपरेका थिए जसको समाधान निम्न उपायहरुवाट गरिएको थियो ।

*तालिका १३ : आइपरेका समस्याहरु तथा समाधानका प्रयासहरु*

| क्र.सं. | समस्याहरु | समाधानका प्रयासहरु |
|---|---|---|
| १. | | ○ |
| २. | | ○ |
| ३. | | ○ |
| ४. | | ○ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची १ : यस आ.व.मा संचालित योजनाहरुको विवरण

| योजनाको नाम | वडा नं. | योजनाको अनुमानित लागत (रु) (GoN+GoF+EU+RM) | यस योजनामा हालसम्म भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस आ.व.मा भएको खर्च (रु) (GoN+GoF+EU+RM) | यस योजनामा गाउँपालिकाको खर्च | आगामी आ.व.मा क्रमागत भई जाने | आगामी आ.व.मा हुने खर्चको लक्ष (GoN+GoF+EU+RM) | यस आ.व.मा सम्पन्न आयोजना बाट लाभान्वीत जनसंख्या |
|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी तथा सरसफाइ योजना** | | | | | | | | |
| भुवाल्ने खानेपानी तथा सरसफाई आयोजना | ५ | ५२६३३०६।०५ | ४७०९००२।०१ | १०७५६९१।०० | ५१३५७८।०० | सम्पन्न | ०।०० | ५८३ |
| पुरानोपानी पातीविसा खानेपानी तथा सरसफाई आयोजना | ६ | ५८५९३५६।७७ | ५३०२२१४।८६ | १११८४५१।०० | ५७७८७०।०० | सम्पन्न | ०।०० | ६४२ |
| लाप्काखोला धार्रा खानेपानी तथा सरसफाई आयोजना | ५ | ९१६५५८७०२ | ४६७१३१३।१५ | ४६७१३१३।१५ | २६१८७३९।१५ | क्रमागत हुने | ४४९४२७३।०० | ९९५ |
| भहलाग्ने गौंथली खानेपानी तथा सरसफाई आयोजना | १ | ६४९९०६३।९४ | २९१६०७४।७२ | २९१६०७४।७२ | १७३३०८३।७२ | क्रमागत हुने | ३५८२९८९।२२ | ७४५ |
| खोर खानेपानी तथा सरसफाई आयोजना | ७ | ३८६२०१९।८३ | २२०६८६८।०० | २२०६८६८।०० | ११०३४३४।२४ | क्रमागत हुने | १६५५१५१।८३ | ४९४ |
| **जम्मा :** | | **३०६४९३३३।६१** | **१९८०५४७२।७४** | **११९८८३९७८७** | **६५४६७०५।११** | | **९७३२४१४।०५** | **३४५९** |
| **सिँचाई/बहुपयोगी योजना** | | | | | | | | |
| सहडे सिंचाई आयोजना | ४ | ६१७३४०३।३६ | ५५५४२९८।६८ | ३२१६७६३।२१ | १७६३८२९।४७ | सम्पन्न | ० | १०९२ |
| **जम्मा :** | | **६१७३४०३।३६** | **५५५४२९८।६८** | **३२१६७६३।२१** | **१७६३८२९।४७** | | **०** | **१०९२** |
| **संस्थागत शौचालय** | | | | | | | | |
| भगवती मा.वि. थुवा शौचालय निर्माण योजना | ५ | ३२१०००।०० | ३२१०००।०० | ३२१०००।०० | २१०००।०० | सम्पन्न | ०।०० | ४५० |
| ने.रा. आ.वि. तुप्लुङ शौचालय निर्माण योजना | ७ | ३२१०००।०० | ३२१०००।०० | ३२१०००।०० | २१०००।०० | सम्पन्न | ०।०० | २१३ |
| **जम्मा :** | | ६४२०००।०० | ६४२०००।०० | ६४२०००।०० | ४२०००।०० | | ०।० | ६६३ |
| **सुधारिएको चुल्हो** | | | | | | | | |
| लाप्काखोला धार्रा खानेपानी उपभोक्ता समिति चुल्हो निर्माण योजना | ५ | २१४०००।०० | २१४०००।०० | २१४०००।०० | १४०००।०० | सम्पन्न | ०।०० | १३२६ |
| **जम्मा :** | | **२१४०००।००** | **२१४०००।००** | **२१४०००।००** | **१४०००।००** | | **०।००** | **१३२६** |
| **खानेपानी तथा सरसफाई संरचना निमार्ण** | | | | | | | | |
| लाप्काखोला धार्रा खानेपानी उपभोक्ता समिति सरसफाई संरचना निर्माण | ५ | १०७०००।०० | १०७०००।०० | १०७०००।०० | ७०००।०० | सम्पन्न | ०।०० | १०११ |
| **जम्मा :** | | **२१४०००।००** | **२१४०००।००** | **२१४०००।००** | **१४०००।००** | | **०।००** | **१३२६** |

**अनुसूची २ : यस आ.व.मा संचालित तालिमहरुको विवरण**

| क.सं. | सञ्चालित तालिमको नाम | वडा नं. | तालिमको अवधि | तालिम संख्या | दलित महिला | दलित पुरुष | जनजाती महिला | जनजाती पुरुष | अन्य महिला | अन्य पुरुष |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **खानेपानी योजना चरणवद्ध कार्यपद्धति वमोजिमका तालिम** | | | | | | | | | | |
| १ | उपभोक्ता समितिहरु परियाजना कार्यपद्धती सम्बन्धी अभिमुखीकरण | १,५,७ | १ | ३ | ६ | ६ | ० | ० | ७ | १९ |
| २ | लैंगीक समानता तथा सामाजिक समावेशीकरण अभिमुखीकरण | १,५,७ | १ | ३ | ६ | ६ | ० | ० | ७ | १९ |
| ३ | जीविकोपार्जन तथा घरबारी व्यवस्थापन सम्बनधी अभिमुखीकरण | १,५,७ | १ | ३ | ६ | ६ | ० | ० | ७ | १९ |
| ४ | सामुदायिक कार्य योजना निमार्ण | १,५,७ | १ | ३ | ६ | ५ | ० | ० | ६ | ९ |
| ५ | उपभोक्ता समितिका सदस्यहरुका लागी लेखा व्यवस्थापन तालिम | १,५,७ | ३ | ३ | ६ | ६ | ० | ० | ६ | १६ |
| ६ | उपभोक्ता समितिका सदस्यहरुका लागी निर्माण पुर्वको गोष्ठी | १,५,७ | १ | ३ | ५ | ४ | ० | ० | ८ | १९ |
| ७ | निर्माण अवधिको गोष्ठी | १,५,७ | १ | ३ | ७ | ७ | ० | ० | १० | १७ |
| ८ | निमार्ण पश्चातको गोष्ठी | ५ | १ | १ | १ | ४ | ० | ० | ३ | ७ |
| **सरसफाइ, स्वच्छता,महिनावारी व्यवस्थापन र जनचेतना सम्बन्धी तालिमहरु** | | | | | | | | | | |
| १ | गाँउपालिकास्रतरीय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी अभिमुखीकरण तथा समिति गठन | १,५,७ | १ | १ | २ | १ | ० | २ | ७ | २७ |
| २ | वडास्रतरीय खानेपानी, सरसफाई तथा स्वच्छता सम्बन्धी अभिमुखीकरण तथा समिति गठन | १ देखि ७ | २ | ७ | १६ | २१ | ६ | ३ | ९४ | १०६ |
| ३ | पुर्ण सरसफाई सम्बन्धी सामग्री वितरण प्रणाली सम्बन्धी अभिमुखीकरण | १,५,७ | १ | १ | ० | २ | ० | २ | ८ | ११ |
| ४ | पुर्ण सरसफाई, आनीवानी व्यवहार परिवर्तन तथा सनेटरी प्याड वितरण सम्बन्धी तालिम | १,५,७ | २ | १ | २ | १ | १ | १ | २५ | ७ |
| ५ | विद्यालय स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता सम्बन्धी अभिमुखीकरण तथा सामग्री वितरण | १,५,७ | २ | ४ | ५५ | २८ | ४ | ४ | ९७ | १०८ |
| ६ | खानेपानी, सरसफाई, स्वच्छता तथा वातावरण मैत्री विद्यालय कार्ययोजना निर्माण सम्बन्धी अभिमुखीकरण | ७ | १ | १ | ११ | १८ | ० | ० | ३१ | ३९ |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | वातावरण मैत्री विद्यालय निर्माण सम्बन्धी कार्यशाला गोष्ठी | ७ | १ | १ | ११ | १८ | ० | ० | ३१ | ३९ |
| | | | | | | | | | | |
| **जिवीकोपार्जन तथा सहकारी विकाससंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | व्यवसायिक तरकारी खेती सम्बन्धी तालिम | ४ | ३ दिन | १ | ० | ० | ० | ० | २६ | ३ |
| २ | व्यवसायिक ओखरखेती सम्बन्धी तालिम | ४ | ३ दिन | १ | १ | ० | ० | ० | ४ | १३ |
| ३ | अगुवा कृषकहरुको लागी ४ दिने तालिम तथा सामग्री हस्तान्तरण | १ देखि ७ | ४ दिन | २ | ४ | ० | ० | ० | ९ | ६ |
| ४ | घरबारी व्यवस्थापन सम्बन्धी तालिम तथा सामग्री हस्तान्तरण | १,५,६ र ७ | ३ दिने | १६ | १३४ | २८ | २ | २ | १६५ | ८३ |
| ५ | घरबारी व्यवस्थापन सम्बन्धी पुर्नताजगी तालिम तथा बीउबीजन सहयोग सम्बन्धी तालिम | ५,६ | १ दिने | ५ | २७ | १५ | ० | ० | ६७ | १८ |
| ६ | बहुउद्देश्यीय नर्सरी व्यवस्थापन तालिम | १,४,६,७ | ५ दिने | १ | ० | ० | ० | ० | १ | ४ |
| ७ | बेमौसमी तरकारी खेती सम्बन्धी तालिम | ४ | ३ | २ | १ | १३ | ० | ० | ९ | २३ |
| ८ | समुहस्तरमा सहकारी शिक्षा सम्बन्धी तालिम | ४ | १ | ६ | १४ | ७ | ० | ० | ८० | ५५ |
| ९ | सहकारी विद्यान संसोधन सम्बन्धी कार्यशाला गोष्ठी | ४ | २ | १ | १ | ० | १ | १ | ९ | ३५ |
| १० | सहकारी दर्ता प्रक्रिया सम्बन्धी अभिमुखीकरण | ४ | १ | १ | १ | ० | १ | १ | ९ | ३५ |
| ११ | सहकारी लेखा व्यवस्थापन सम्बन्धी तालिम | ४ | | | | | | | | |
| **स्थानीय स्रोत व्यक्ति र ग्रामीण मर्मत संभार लगायत प्राविधिक तालिमहरु** | | | | | | | | | | |
| १ | ग्रामिण मर्मत संभार कार्यकर्ताको लागी १० दिने तालिम | | | | | | | | | |
| २ | सम्पन्न भएका खानेपानी योजनाहरुको दिगोपनाको लागी ३ दिने कार्यशाला गोष्ठी | ३,४,५,६ | ३ | १ | १ | ३ | ० | ० | १० | १९ |
| ३ | सम्पन्न भएका योजनाहरुको मर्मत सभार सम्बन्धी अभिमुखीकरण तथा मर्मत सामग्री सहयोग | | | | | | | | | |
| **जलउपयोग तथा जीविकोपार्जन कार्यान्वयन गुरुयोजनासंग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| १ | गाँउपालिका स्तरीय जलउपयोग गुरुयोजना तथा जीविकोपार्जन योजना निर्माण सम्बन्धी तालिम | १ देखि ७ | ३ | १ | | | | | | |
| | | | | | | | | | | |
| **नवीकरणीय उर्जा तथा जलवायु परिवर्तन संग सम्बन्धित तालिमहरु** | | | | | | | | | | |
| | सुधारीएको चुल्हो निर्माण सम्बन्धी ७ दिने तालिम | ५ | ७ | १ | ० | ३ | १ | ७ | ० | ७ |
| **गाउँपालिका तथा जिल्ला स्तरीय क्षमता विकास तालिमहरु** | | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | निर्णयमा महिला सम्बन्धी ३ दिने कार्यशाला गोष्ठी | | ३ | १ | १३ | १ | ३ | ० | ३९ | १० |
| | स्थानिय तहका जनप्रतिनिधी तथा विषयगत शाखा प्रमुखहरुको लागी क्षमता विकास सम्बन्धी तालिम | | ३ | १ | १ | ४ | १ | १ | ७ | ३२ |

## अनुसूची २.१ : परीयोजना द्वारा तेस्रो चरणमा सम्पन्न भएका योजनाहरु MUS/WSS तथा अन्ययोजनाहरुको अवस्था

| क्र.स. | योजनाको नाम ठेगाना | योजना सम्पन्न बर्ष | योजनाको कुल लागत उ.स.को सहभागीता समेत | योजनाको प्रकार | उ.स.का अध्यक्षको नाम | मर्मत सम्भारकोष को रकम | योजना को अवस्था | कैफीयत |
|---|---|---|---|---|---|---|---|---|
| १ | भुवान्नेखोला खानेपानी, भगवतीमाई, ५ | २०७५ | | ग्राभिटी | राम बहादुर खड्का | | | |
| २ | पुरनपानी खानेपानी, भगवतीमाई, ६ | २०७५ | | ग्राभिटी | भिम बहादुर सिँह | | | |
| ३ | सहडे सिँचाई, भगवतीमाई, ४ | २०७६ | | सिँचाई | राम बहादुर थापा | | | |

## अनुसूची २.२ : गत वर्ष ०७४।०७५ सम्मको पेश्की/वेरुजु वांकीको अवस्था

| कुल पेश्की/वेरुजु रकम रु | कुल फर्छ्यौट पेश्की/वेरुजु रकम रु | फर्छ्यौट भइ वांकी पेश्की/वेरुजु रकम रु | कैफीयत |
|---|---|---|---|
| ०।०० | ०।०० | ०।०० | |

## अनुसूची २.३ : आर्थीक बर्ष ०७५।०७६ मा थप भएको समेत कुल पेश्की/बेरुजु वांकीको अवस्था

| आ.व.०७४।०७५ सम्मको पेश्की/वेरुजु रकम मध्ये०७५।०७६ मा फर्छ्यौट भई सो आ.व.को खुद बांकी रहेको पेश्की/वेरुजु रकम रु | यस बर्ष थप भएको पेश्की रकम रु | यस बर्ष थप भएको समेत ०७५।०७६सम्मको कुल पेश्की तथा वेरुजु वांकी रकम रु | कैफीयत |
|---|---|---|---|
| ०।०० | ०।०० | ०।०० | |



GOVERNMENT OF NEPAL

EUROPEAN UNION

Ministry for Foreign Affairs of Finland

## अनुसूची ३ : नाईके बने गोपाल बुढा



***"हातमा सीप भएपछी विदेशमा कमाउने जति त यतै पनि त कमाई हुदोरहेछ र खाली पनि बस्न नपर्ने रहेछ त । उपभोक्ता भएको कारण यस परियोजनाको नीति अनुसार श्रमदान गर्नैपर्ने हुँदा शुरुमा पाईपलाईन खन्ने, गिट्टी बटुल्ने जस्ता काम गर्न जानथाले म पहिले पनि गाँउमा घर बनाउने मिस्त्रीको काम गरेकोले मलाई यस योजनाको अध्यक्ष राम बहादुर खडकाले खानेपानीका संरचना निर्माण गर्दा दक्ष मिस्त्रीको काम गर्नुपरयो भन्नु भयो तर मैले अहिले सम्म वालुवा सिमेन्टको काम गरेको छैन भन्दा योजनाको प्राविधीकहरुले सिकाउछन् भन्नुभयो, तर पनि मैले सक्दैन भनेर भनीरहदाँ योजनाको अध्यक्षले गर्नैपर्छ भनेपछी मैले पनि हुन्छ भने ।"*** यो भनाई हो भगवतीमाई गाँउपालिका वडा नं. ५ **निवासी गोपाल** वि.सी.को ।

ग्रामिण जलश्रोत व्यवस्थापन परियोजनाद्वारा गाँउपालिका वडा नं. ५ कट्टीमा २ वटा खानेपानीका योजना सम्पन्न भएको छन २६१ घरधुरीलाई समेटेर बनाईएको यी २ योजनाले निर्माण अवधिमा धेरै युवाहरुलाई रोजगारी मात्र नभै सीप पनि दिएको छ जसले गर्दा भारत जाने युवाको संख्या घटेको छ भन्ने अनुभव सुनाउछन वि.सीले । २ छोरा १ छोरी सहित ५ जनाको परिवार रहेको विसीको आफनो जग्गाबाट उत्पादनले मुश्किलले ६ महिना मात्र पुग्छ। घरमा कमाउने व्यक्ति अरु कोही नभएकाले परिवारको पालनपोषण गर्न गाँउघरमा ज्याला मजदुरी गर्ने गरेको तर त्यो काम पनि दिनह नपाईने, पाईहाले पनि उचीत ज्याला नपाउनाले दिक्दार हुन्थे । पहिलोपटक योजना शुरु भएपछि नै उनको जीवनशैलीमा परिवर्तन भएको छ । शुरुशुरुमा अदक्ष कामदारको रुपमा काम गर्दै आएका गोपाल वि.सी अहिले मुख्य दक्ष कामदारको रुपमा काम गरी रहेको छन् र योजनाको सबै संरचना उनकै जिम्मामा रहेको छन र कामदारलाई पनी आफै परिचालन गरको देखीन्छ । ***"शुरुशुरुमा त एकदमै गाह्रो भयो तर पनि मैले हिम्मत हारिन प्राविधिक सरहरुले मलाई पटकपटक सिकाई रहनुभयो अहिले म आफैले पनि संरचनाको लाईन दिन सक्छु । अहिले मेरो नियमित मासिक कमाई २५ देखी ३० हजार रहेको छ । अहिले छोरी कौशिलाले सुर्खेतमा ल्याब असिस्टेन्ट पढिरहेकी छिन जुन मैले नै व्यहोर्न पर्छ घरमा खाने अन्न सागपात तरकारी किन्ने चाडबाड मनाउने सबै मैले नै व्यहोर्नु पर्छ घरमा एक रुपैया पनि आम्दानी हुदैन, जे होस मलाई यो परियोजनाले एक खानेपानीको परिपक्व मिस्त्री बनायो जसले गर्दा मलाई यो योजनामा मात्र नभई अब बन्ने योजनामा समेत रोजगारी पाउनेमा ढुक्क छु ।"*** यसरी आफनो कथा सुनाउछन् वि.सी.ले उनी थप्छन् ***"कमाई नियमित भएपछि त घरमा पनि माया गर्दा रहेछन अनी घरमा पनि आफनो व्यवसायिक योजना बन्ने रहेछन् । छोरीलाई मासिक रुपमा पैसा पठाउन चिन्ता हुन्थ्यो तर अहिले मलाई छोरी पढाउन केही चिन्ता भएको छैन किनकी नियमित काम पाएको छु कमाई पनि सोही अनुसार छ ।"***

योजना निर्माण गर्ने क्रममा ईन्टेक, डि.सी. तथा रिर्जभभ्वाएर टयांकी निर्माण गर्नको लागी एकजना पनि मिस्त्री नहुँदा योजना सम्पन्न गर्न ठुलो चुनौति थियो बाहिरबाट आएको मिस्त्रीले जिल्लादर रेटमा काम गर्न नसक्ने अवस्थामा योजना अलपत्र पर्ने होकी भन्ने डर उपभोक्ता समिति, परियोजनाका कर्मचारीलाई थियो तर परियोजनाको जलश्रोत प्राविधिक संगम अधिकारीले २, ३ वटा संरचनामा आफैले बसेर सिकाएपछि गोपाल बि.सी लगायतको अरुले पनि सीप सिके यति मात्र नभै योजनाको लागी चाहिने जनशक्तिको खाँचो पनि टारिदिए र अहिले उनकै नेतृत्वमा २ वटा खानेपानी सम्पन्न हुने चरणमा छन् । अहिले गोपाल बि.सी योजनाको नाईके मिस्त्री भएका छन् हरेक कुरा उनलाई सोधेर मात्र गरीन्छ । ***"मेरो त नाम नै परिवर्तन गरीदियो यो परियोजनाले पहिले गोपाले भनेर बोलाउनेहरु अहिले नाईके भन्छन"*** हास्दै गोपाल बि.सी भन्छन् र ***"यो सबै गराउने हाम्रो समितिका अध्यक्ष र प्राविधीक सरहरु हुन , मेरो जीवन परिवर्तन गर्ने ।"***

साँच्चै नै गोपाल वि.सी.बाट धेरै कुरा गाँउलेहरुलाई पनि सिकाएको छ कि मानिसहरुको जीवनशैलीमा एकाएक कसरी परिवर्तन हुँदोरहेछ भनेर शायद उनीले हिम्मत नगरेको भए आज यसरी नाईके भनेर चिनिदैन्थे होला तर अहिले उनी र उनको

परिवार सुखी छन् र गोपाल पनि खुशी छन् आफनो कामबाट । अहिले उनी गाँउकै सम्पत्ती भएका छन् , भगवतीमाई गाँउपालिकामा खानेपानीको संरचना तयार गर्दा अब फेरी बाहीरबाट महगो मिस्त्री ल्याउनुपर्ने समस्या कम भएको छ ।

## अनुसूची ४ : भिजिबिलिटी


राजधानी | Thursday 11 April 2019 | आर्थिक | १०

# एक वडा एक उत्पादनको नारालाई सार्थकता दिन्छौं

— दानबहादुर थापा, अध्यक्ष, भगवतीमाई गाउँपालिका, दैलेख

- एक घर एक धारा नीति अवलम्बन गरिने
- सबै वडामा विद्युत् लाइन विस्तार
- १५ शय्याको अस्पताल निर्माणका लागि जग्गा खोजी
- आन्तरिक पर्यटन प्रवर्द्धनलाई प्राथमिकता


# सामूहिक दुर्घटना बीमा गराइने

• दैलेख समाचारदाता

दैलेख, जेठ ४ गते। जिल्लाको भगवती गाउँपालिकाले आफ्नो क्षेत्रमा सञ्चालन हुने योजनामा काम गर्ने कामदारको सामूहिक दुर्घटना बीमा गराउने भएको छ। कामका सिलसिलामा कुनै पनि कामदार शारीरिक रूपले अङ्गभङ्ग भए वा मृत्यु भएमा त्यसका क्षतिपूर्तिको व्यवस्था गर्ने गरी गाउँपालिकाले कार्यविधि बनाएको गाउँपालिकाका अध्यक्ष दानबहादुर थापाले बताउनुभयो।

आगामी आर्थिक वर्षबाट सबै योजनामा काम गर्ने कामदारको सामूहिक दुर्घटना बीमा गर्ने तयारी गरेको उहाँले जानकारी दिनुभयो। यसै क्रममा ग्रामीण जलस्रोत परियोजनाको तेस्रो चरणमा सञ्चालित खानेपानी योजनामा काम गर्ने कामदारको सामूहिक दुर्घटना बीमा गरिएको छ।

तीन खानेपानी र सिँचाइ योजनामा काम गर्ने कामदारको लागि ४० लाख रुपियाँ बराबरको सामूहिक दुर्घटना बीमा गरेको गाउँपालिकाका जलस्रोत अधिकृत प्रकाशचन्द्र थापाले बताउनुभयो। पहाडको जटिल भू-भागमा काम गर्ने कामदारको रक्षाका लागि परियोजनाले कामदारको सामूहिक दुर्घटना बीमा गरेको उहाँको भनाइ छ।

दैलेखको भगवतीमाई गाउँपालिका-५ मा निर्माणाधीन खानेपानी आयोजनाको रिजर्भ ट्याङ्की निर्माण गर्दै कामदार।





धमाका राष्ट्रि...
DHAMAKA NATIONAL DAILY

# छाउपडी मुक्त गाउँपालिका घोषणा हुँदै

धमाका संवाददाता

## हुरी प्रभावितलाई कर्णाली प्रदेश सरकारको सहयोग

धमाका संवाददाता


# तरकारी खेतीले छुटायो 'कालापहाड'

• दैलेख समचारदाता

दैलेख, जेठ ३ गते। दैलेखको भगवतीमाई गाउँपालिका वडा नं. ४ का बासिन्दाले व्यावसायिक रूपमा तरकारी खेती गर्न थालेपछि मजदुरीका लागि कालापहाड जान छुटेको छ।

केही वर्ष पहिले गाउँमा कालापहाड जानेको लर्को हुन्थ्यो।

वर्षमा दुईपटक कालापहाड जाने गरिन्थ्यो। हिउँदे बाली लगाएर पुसमा जाने र जेठमा मर्के लगाउन आउने। वर्षे बाली लगाएर पुनः मजदुरीका लागि कालापहाड जाने । परम्परागत रैथाने खेतीले पाँच महिना पनि खान नपुग्ने भएपछि मजदुरीका लागि कालापहाड जानुपर्ने बाध्यता रहेको थियो।

गाउँको बीच भाग हुँदै मध्यपहाडी लोकमार्ग निर्माण भएपछि उत्पादन भएको तरकारी सहजै बजारमा पुग्ने र राम्रो मूल्य पाउन थालेपछि उनीहरू अहिले व्यावसायिक तरकारी खेतीमा रमाउँदै कालापहाड धाउन छोडेका छन्। पानीको अभाव झेल्दै आएका किसानलाई भगवतीमाई गाउँपालिका र ग्रामीण जलस्रोत परियोजनाले ७८ लाख रुपियाँको लागतमा सहडे साना सिँचाइ आयोजना बनेपछि व्यावसायिक खेती गर्ने उत्साह थपिएको छ।

आयोजनाले कुलो निर्माण गरिदिएपछि अहिले १५० घरधुरीले नै व्यावसायिक तरकारी खेती गर्न थालेका छन्। केही वर्ष अघिसम्म खेतबारीको उत्पादनले मुस्किलले पाँच महिना धान्थ्यो। वर्षको बाँकी समयका लागि कालापहाड नगई विकल्प नै थिएन, ५५ वर्षीया रामबहादुर थापाले भन्नुभयो, जमाना फेरियो अहिले घरको आँगनबाटै मोटर बाटो गएको छ। सिँचाइको व्यवस्था छ। अन्य बालीभन्दा तरकारी लगाएर आवश्यकता पुरा गरेका छौं।

विगत पाँच वर्षदेखि निरन्तर व्यावसायिक तरकारी खेती गर्दै आउनुभएका जगनाथका ३० वर्षीय नेत्रबहादुर थापाले तरकारी खेतीबाट राम्रो आम्दानी हुने गरेको बताउनुभयो। नमुना कृषकसमेत बन्नुभएका उहाँले १५ रोपनी जग्गामा व्यावसायिक तरकारी खेती र उन्नत जातका बाख्रापालन गरी राम्रो आम्दानी गरेको बताउनुभयो। अहिले स्याउ र टिमुरको बेर्ना उमार्न लागेको बताउनुहुन्छ।

तरकारी खेतीमा रमाउन थालेका कृषकका लागि वडा कार्यालयले बीमाको व्यवस्था गर्न लागेको वडाध्यक्ष कृष्णबहादुर थापाले बताउनुभयो। भगवतीमाई गाउँपालिकाका अध्यक्ष दानबहादुर थापाले कृषि र पशुपालनका क्षेत्रमा गाउँपालिकाले विभिन्न अनुदानका कार्यक्रम सञ्चालन गरेको बताउनुभयो। कर्णाली प्रदेश सरकारले अर्गानिक गाउँपालिका निर्माणका लागि पहिलो आर्थिक वर्षमा एक करोड रुपियाँ विनियोजन गरे पनि मन्त्रालयको झन्झटिलो प्रक्रियाका कारण काम हुने नसकेको अध्यक्ष थापाले बताउनुभयो।

भगवतीमाई ४ का नेत्रबहादुर थापाले टिमुर र स्याउका बेर्ना उमार्न तयार गरेको गुमच।



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland

## अनुसूची ५ : जनशक्ति विवरण

आर्थिक वर्ष २०७५/०७६ मा यस गाउँपालिकामा परियोजना कार्यान्वयनको सिलसिलामा गाउँकार्यपालिका कार्यालय, परियोजना, परियोजना सहयोग इकाई तथा सहयोगी संस्थाहरुवाट तपसील बमोजिम जनशक्ति परिचालन भएका थिए ।

| क.सं. | कर्मचारीको नाम | कार्यालय | पद | जम्मा अनुमानित योगदान (महिनामा) |
|---|---|---|---|---|
| **परियोजनाको तर्फवाट ( अन्य गा.पा. मा समेत सहयोग गर्ने गरि** | | | | |
| १ | प्रकाशचन्द्र थापा | RM/RVWRMP/RMSU दैलेख | जलश्रोत अधिकृत | ११ महिना |
| २ | हरिभक्त अधिकारी | RVWRMP/RMSU दैलेख | प्राविधिक सहजकर्ता | १० महिना |
| ३ | सुर्य बहादुर शाही | RVWRMP/RMSU दैलेख | जिविकोपार्जन सहजकर्ता | ११ महिना |
| ४ | नविन दाहाल | Bhagawatimai RM | स्थानीय श्रोत व्यक्ति | ६ महिना |
| **सहयागी संस्थावाट परिचालित कर्मचारीहरुको विवरण** | | | | |
| १ | प्रकाश अधिकारी | SOSEC- दैलेख | फिल्ड संयोजक | ८ महिना |
| २ | संगम अधिकारी | SOSEC- दैलेख | जलश्रोत प्राविधिक | ११ महिना |
| ३ | हस्त बहादुर बुढा | SOSEC- दैलेख | जलश्रोत प्राविधिक | ८ महिना |
| ३ | खगीसरा थापा | SOSEC- दैलेख | सरसफाइ र स्वच्छता प्रवर्धक | ८ महिना |
| ४ | विमल उपाध्याय | SOSEC- दैलेख | जलश्रोत प्राविधिक | ३ महिना |



GOVERNMENT OF NEPAL EUROPEAN UNION Ministry for Foreign Affairs of Finland